# अपाङ्गता भएका व्यक्तिहरुलाई मध्यनजर गरी विपद्का सूचना, नीति तथा कार्यक्रमहरु बनाउन आग्रह

काठमाडौं, पुस ४

विपद्पूर्व, विपद्को समय र विपद्पछिका तीनै चरणका लागि अपाङ्गता भएका व्यक्तिहरुलाई पनि मध्यनजर गरी सूचना, नीति तथा कार्यक्रमहरु बनाउनुपर्नेमा सरोकारवालाहरुले जोड दिएका छन् । आज 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा अपाङ्गता भएका व्यक्तिहरुको समवेशीकरण तथा सहभागिता' सम्बन्धी अन्तरक्रिया कार्यक्रममा सहभागीहरुले विपदबाट सवैभन्दा बढी अपाङ्गता भएका व्यक्तिहरु प्रभावित हुने भन्दै उनीहरुको सुरक्षाका लागि कार्यक्रम बनाउनुपर्नेमा जोड दिएका हुन् ।



प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा अपाङ्गता भएका व्यक्तिहरुको समवेशीकरण तथा सहभागिताका लागि प्राधिकरणका तर्फबाट मानक निर्देशिकाहरु तयार गरी त्यसलाई स्थानीयकरण गर्ने कार्य भइरहेको बताउनुभयो । नेपालले तयार गरेका यस्ता निर्देशिका तथा 'म्यानुअल' को अन्य देशबाट औपचारिक रुपमा माग भएको पनि उहाँले जानकारी दिनुभयो ।

अपाङ्गता भएका व्यक्तिहरुका लागि पानी तथा सरसफाइमा पहुँचयोग्य डिजाइनबारे आर्किटेक्ट दीपक केसीले विश्वका विभिन्न देशका उदाहरणसहित प्रस्तुतीकरण गर्नुभयो । उहाँले अपांगता भएका व्यक्तिको दैनिक जनजीवन सहज बनाउन मात्र नभएर आत्मसम्मानका लागि पनि पहुँचयोग्य संरचनाहरुको आवश्यकता पर्ने बताउनुभयो । केसी स्वयम् अपांगता भएका व्यक्ति हुनुहुन्छ ।





कार्यक्रममा प्राधिकरणका सहसचिव रोशनी कुमारी श्रेष्ठले प्राधिकरणबाट भएका कार्यहरु, निर्माण भएका तथा भइरहेका कार्यविधि एवं निर्देशिकाहरु, अन्य नीतिगत व्यवस्था समेटिएको प्रस्तुतीकरण राख्नुभयो भने अर्का सहसचिव अनिता निरौलाले अन्तरक्रियाको उद्देश्यमाथि प्रकाश पार्नुभयो ।

राष्ट्रिय अपांग महासंघका सचिव सिर्जना केसीले बहुअपांगतालाई पनि ध्यानमा राखेर भवन संहिता तथा सहयोगी सामग्रीको निर्माण गर्नुपर्ने बताउनुभयो । उहाँले विपदबारेको सूचना नै अपाङ्गता भएका व्यक्तिहरुसम्म नपुगेको भन्दै यसतर्फ प्राधिकरणको ध्यानाकर्षण गराउनुभयो ।

कार्यक्रममा सहभागीहरुले धेरै प्रकारका अपाङ्गता हुने र उनीहरुको समस्या र आवश्यकता पनि फरक फरक हुने भएकाले सबैलाई एउटै बास्केटमा हालेर नहेर्न पनि आग्रह गरे । विपद्पछि स्थापना गरिने आश्रयस्थलहरु अपाङ्गतामैत्री नहुने र राहतमा उनीहरुको पहुँच पुग्न नसकेको तर्फ पनि ध्यानाकर्षण गराए । विपद्का सूचना दिने उपकरणहरु अपाङ्गतामैत्री बनाउन पनि उनीहरुले आग्रह गरे । कार्यक्रममा राष्ट्रिय अपांग कोष, राष्ट्रिय अपांग महासंघलगायत विभिन्न अपांगता सम्बद्ध संघ-संस्थाहरु एवं अपांगता क्षेत्रमा काम गरिरहेका विकास साझेदार संस्थाका प्रमुख एवं प्रतिनिधिहरुको उपस्थिति थियो । अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा अपाङ्गता भएका व्यक्तिहरुको चासो तथा आवश्यकता पहिचान गर्न तथा यस सन्दर्भमा प्राधिकरणबाट भएका पहलहरुका बारेमा छलफल गर्नका लागि अन्तरक्रिया आयोजना गरिएको हो । कार्यक्रम राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको आयोजनामा सम्पन्न भएको हो ।